नेपाल आयल निगम लिमिटेड

टेकु, काठमाडौं

मिति: २०८०।३।३१

प्रेस विज्ञप्ति

आदरणीय पत्रकार मित्रहरु,

नेपाल आयल निगम लिमिटेडद्वारा आज मन्त्रालयको सभाकक्षमा आयोजित यस पत्रकार सम्मेलनमा विभिन्न मिडियाहरुबाट उपस्थित हुनु भएका सम्पूर्णमा हार्दिक स्वागत गर्दछु । निगमबाट कायम भएको पेट्रोलियम पदार्थहरुको खुद्रा बिक्री मूल्य र निगमको हालको नाफाको सन्दर्भमा सरकारी तथा गैर सरकारी निकाय, आयोगका प्रतिवेदन, संचार माध्यम, आम उपभोक्ताबाट सार्वजनिक भएका विषयहरुलाई उचित सम्बोधन गर्न निगमले यो पत्रकार सम्मेलन गरेको व्यहोरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

आज बसेको निगम सञ्चालक समितिको २३३५ औं बैठकको निर्णय बमोजिम स्वीकृत भएको निगमको पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८० अनुसार आजै राती १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली कार्यान्वयनमा ल्याईएको छ । हवाई इन्धनको हकमा साविक बमोजिमकै व्यवस्था रहने छ । अब उप्रान्त ईण्डियन आयल कर्पोरेसनबाट प्रत्येक अंग्रेजी महिनाको १ र १६ तारिखमा प्राप्त हुने नयाँ मूल्यसूचीका आधारमा पेट्रोलियम पदार्थको स्वचालित मूल्य कायम हुनेछ । ईण्डियन आयल कर्पोरेशनसँग नियमित रुपमा प्राप्त हुने नयाँ खरिद मूल्यका आधारमा सोही दिन निगमले पनि मूल्य समायोजन गर्ने व्यवस्था कार्यान्वयन हुनेछ ।

निगमले हाल तिर्नुपर्ने ऋण तथा अन्य दायित्व बापतको रकम भुक्तानी गर्न तथा निगमको पूर्वाधार विकास, डिपो तथा अग्नी सुरक्षा संरचनाको मर्मत, आधुनिकीकरण लगायतका अत्यावश्यक कार्यहरुका लागि आवश्यक पर्ने पूँजी संकलनका लागि लागत मूल्यको आधारमा डिजेलमा २ प्रतिशत, पेट्रोलमा २.५ प्रतिशत मात्र नाफा राखिने छ । आम उपभोक्ता र विशेष गरी गृहिणीहरूको हितलाई ध्यानमा राखि खाना पकाउने एल. पी. ग्यासमा निगमले कुनै मुनाफा नलिई लागत मूल्य बमोजिम नै खुद्रा मूल्य राखिने छ । जसबाट पेट्रोलियम पदार्थका आम उपभोक्ताहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् भने निगम पनि वित्तीय रुपमा स्वस्थ हुनेछ । हवाई इन्धनको हकमा मूल्य समायोजन गर्ने अधिकार निगम संचालक समितिमा रहने छ ।

पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिएको सम्बन्धमा :

निगम सञ्चालक समितिको आज बसेको २३३५ औं बैठकको निर्णय बमोजिम स्वीकृत भएको पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८० का आधारमा आजै राती १२ बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रति लिटर रु. ६।००, डिजेल / मट्टितेलमा प्रति लिटर रु ४।०० र एल. पी. ग्यासमा प्रति सिलिण्डर रु. १०।०० ले घटाइ देहाय बमोजिम पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य कायम गरिएको छ ।

२०८०।३।३१

क्र. सं.	पेट्रोलियम पदार्थ	साविकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर / सिलिण्डर)			आज मिति २०८०।०३।३१ को राती १२:०० बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य रु. (प्रति लिटर / सिलिण्डर)		
		वर्ग ग	वर्ग ख	वर्ग क	वर्ग ग	वर्ग ख	वर्ग क
१	पेट्रोल	१७०	१६९	१६७।५०	१६४	१६३	१६१।५०
२	डिजेल	१५०	१४९	१४७।५०	१४६	१४५	१४३।५०
३	मट्टितेल	१५०	१४९	१४७।५०	१४६	१४५	१४३।५०
४	हवाई ईन्धन (आन्तरिकतर्फ)	१३६			१३६		
५	हवाई ईन्धन (वाह्यतर्फ) अमेरिकी डलर	१.०३५			१.०३५		
६	एल. पि. ग्यास	१,८००			१,७९०		

नेपाल-भारत सीमा मूल्य अन्तर :

यो मूल्य समायोजन पश्चात् नेपालको वीरगंज र भारतको रक्सौल वीचको सीमा मूल्य अन्तर देहाय वमोजिम रहेको छ :

(रकम प्रति लिटर रु. मा)

पेट्रोलियम पदार्थ	पेट्रोल	डिजेल	हवाई इन्धन (आन्तरिक)	हवाई इन्धन (वाह्य) प्रति कि.लि. कलकता	एल. पी. ग्यास
रक्सौल	१७४।७७	१५३।४४	१५९।८१	$ ८६६।०५	१,९२६।६०
वीरगंज	१६१।५०	१४३।५०	१३६।००	$ १,०३५।००	१,७९०।००
फरक	-१३।२७	-९।९४	-२३।८१	$ १६८।९५	-१३६।६०

अन्त्यमा, देशमा एक मात्र पेट्रोलियम पदार्थको कारोवार गर्न स्थापित नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित यो संस्थालाई आम उपभोक्तामैत्री वनाउन यहाँहरु सवैको रचनात्मक सल्लाह एव सुझावहरुको पूर्ण अपेक्षा गर्दै निगमले आजदेखि कार्यान्वयनमा ल्याएको पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८० लाई पूर्ण कार्यान्वयनमा ल्याउन विगतको जस्तै सहयोगको निगम पूर्ण अपेक्षा गर्दछ।

धन्यवाद।

२०८०।०३।३१
- सहप्रवक्ता

नेपाल आयल निगम लि.